नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिबृद्धि कर फिर्ता दिने सम्बन्धमा सम्बन्धित सबै सरोकारवाला व्यक्ति तथा निकायहरुमा सहयोग र समन्वयको लागि अनुरोध ।

चालु आ.व. २०७६/७७ को बजेट वक्तव्य मार्फत घोषणा भएको नीति एवम् मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २५ (१ख) बमोजिम कुनै उपभोक्ताले वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम विभागले तोकेको प्रक्रिया बमोजिम निजको बैंक खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्न यस विभागले विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिबृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यप्रक्रिया, २०७६ निर्धारण गरेको छ । साथै सो व्यवस्था कार्यान्वयन गर्न विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४ मा चौथो संशोधन समेत भइसकेको छ ।उक्त दुवै कानुनी व्यवस्थाहरु विभागको वेवसाइटमा राखिएको छ ।उक्त व्यवस्था कार्यान्वयन गर्न निम्न सरोकारवाला व्यक्ति तथा निकायले देहाय बमोजिम प्रणालीगत सुधार गरी उक्त नीति कार्यान्वयन गर्न सहयोग र समन्वय गरिदिनु हुन सम्बन्धित सबै सरोकारवाला व्यक्ति तथा निकायहरुमा अनुरोध गरिएको छ ।

**१. मूल्य अभिबृद्धि करमा दर्ता भएका बिक्रेतालाई अनुरोध :**

(क) विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४(संशोधन सहित) बमोजिम विभागमा सूचीकृत गरिएको विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर प्रयोग गरी बीजक जारी गर्ने,

(ख) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी प्राप्त गर्ने र फिर्ता गर्ने गरी भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकसँग विद्युतीय माध्मयबाट आबद्ध हुने,

(ग) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट उपभोक्ताको खातामा फिर्ता गरेको कर रकम प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा उक्त कर विवरणको अन्य थपघट महलको क्रेडिटतर्फ उल्लेख गर्ने र

(घ) आफ्नो कारोबारस्थलमा विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता हुने सुविधा रहेको जानकारी सार्वजनिक गर्न अनुरोध छ।

**२. भुक्तानी प्रणाली संचालक र भुक्तानी सेवा प्रदायकलाई अनुरोध :**

(क) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद बिक्री गरेमा बिक्रेताबाट सोको विवरण स्वःचालित रुपमा प्राप्त गर्ने, उपभोक्ताको बैंक खाताबाट बिक्रेताको बैंक खातामा रकम जम्मा गर्ने र मूल्य अभिबृद्धि कर रकमको दश प्रतिशतले हुने रकम पुनः बिक्रेताको बैंक खाताबाट उपभोक्ताको बैंक खातामा जम्मा गर्ने गरी प्रणालीगत सुधार गर्ने र

(ख) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट उपभोक्तालाई कर फिर्ता दिने प्रयोजनको लागि भुक्तानी प्रणाली संचालक र भुक्तानी सेवा प्रदायकहरु विभागको एकीकृत कर प्रणालीमा आवद्ध हुन अनुरोध छ।

**३. सर्वसाधारण उपभोक्तालाई अनुरोध :**

(क) उपभोक्ताले मूल्य अभिबृद्धि करमा दर्ता भई विद्युतीय बीजक जारी गर्ने बिक्रेताबाट कर लाग्ने वस्तु वा सेवा खरिद गरेमा मात्र कर फिर्ता हुने भएकाले कर रकम फिर्ता प्राप्त गर्नको लागि उपभोक्ताको खाताबाट बिक्रेताको खातामा र बिक्रेताको खाताबाट उपभोक्ताको खातामा रकम स्वःचालितरुपमा आदान प्रदान हुने गरी नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकमार्फत विद्युतीय भुक्तानी सम्बन्धी उपकरणको प्रयोग गर्ने र

(ख) नेपाल सरकारको विद्युतीय माध्यमबाट हुने भुक्तानीलाई प्रबर्धन गर्ने नीति कार्यान्वयन गर्न र वस्तु वा सेवा खरिद बिक्री गर्दा बीजक लिने र दिने प्रणालीमा सुधार गरी राजस्व परिचालनमा सहयोग गर्न अनुरोध छ।

**४. विद्युतीय बीजक सम्बन्धी सफ्टवेयर निर्माता कम्पनीहरुले गर्नु पर्ने कार्य :**

(क) विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद बिक्री गरेमा बिक्रेताबाट विद्युतीय बीजक सम्बन्धी विवरण भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायक तथा विभागको एकीकृत कर प्रणालीमा स्वःचालित रुपमा पठाउन सकिने गरी बिलिंग सफ्टवेयरमा सुधार गर्ने र

(ख) आफूले निर्माण गरी आपूर्ति गरेका विद्युतीय बीजक सम्बन्धी सफ्टवेयरलाई यस कर फिर्ता सम्बन्धी व्यवस्था अनुकूल हुने गरी परिमार्जन गर्नु हुन अनुरोध छ ।